

**के तपाईंको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् ।
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ११ गते मंगलबार ❑ 25 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखरा महानगरपालिकाले ल्यायो सात अर्ब ५१ करोडको बजेट

पोखरापत्र संवाददाता
पोखरा, १० असार

पोखरा महानगरपालिले आर्थिक वर्ष २०८१/८२ का लागि रु सात अर्ब ५१ करोड ३२ लाख ८३ हजार बराबरको बजेट प्रस्ताव गरेको छ।

महानगरको सोमबार बसेको १५औं नगरसभामा उपप्रमुख मञ्जुदेवी गुरुङले बजेट प्रस्तुत गर्दै सङ्घीय सरकार अनुदानबाट रु चार अर्ब २० करोड २२ लाख एक हजार, प्रदेश सरकार अनुदान वापत रु नौ करोड ६३ लाख ८१ हजार, आन्तरिक आयबाट एक अर्ब ५५ करोड ५१ लाख ४० हजार बेहोरिने जानकारी दिनुभयो ।

त्यस्तै सङ्घीय राजस्व बाँडफाँटबाट रु ३८ करोड ३३ लाख ७५ हजार र प्रदेश राजस्व बाँडफाँटबाट रु नौ करोड ७२ लाख २० हजार बेहोरिने बजेट वक्तव्यमा उल्लेख छ । स्थानीय राजस्व बाँडफाँटबाट रु एक अर्ब १२ करोड ८६ लाख ६१ हजार र रोयल्टी बाँडफाँटबाट रु ५४ लाख २४ हजार प्राप्त हुने अनुमान गरिएको छ। नगरविकास कोष ऋण रु चार करोड ४८ लाख ८० हजार रहने उल्लेख छ।

बजेटअन्तर्गत शिक्षा, खेलकुद तथा युवा र प्रज्ञा-प्रतिष्ठानसम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु एक अर्ब ६५ करोड, स्वास्थ्यमा रु ३५ करोड, पर्यटन तथा सहरी विकासका कार्यक्रम सञ्चालनका लागि रु ५६ करोड, सामाजिक विकासअन्तर्गत लक्षित वर्गतर्फ रु छ करोड र संस्थागत विकासका लागि रु दुई करोड विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो ।

बजेटमा पर्यटन, कृषि, उद्योग तथा व्यापार, हरित दिगो र विपद् उत्थानशील पूर्वाधार विकास,



मूल्य शृङ्खला सवलीकरण र बजार प्रणाली सुदृढीकरण, न्यूनकार्बन समाज र कार्बन तटस्थतालाई प्राथमिकतामा राखिएको छ । त्यस्तै सरलीकृत र प्रविधिमैत्री सेवाप्रवाह, वातावरणप्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण, नवप्रवर्तन प्रवर्द्धन तथा स्वरोजगार सिर्जना र उद्यमशीलता विकास, स्वास्थ्य र उत्पादनशील जनशक्ति तयारका साथै वित्तीय सुशासन तथा राजस्व परिचालन र महिला, विपन्न र सीमान्तकृत समुदायको आर्थिक सशक्तिकरणलाई प्राथमिकतामा राखेर बजेट ल्याइएको उपप्रमुख गुरुङले बताउनुभयो ।

पूर्वाधारतर्फ मुस्ताङचोक-सहीदचोक खण्ड, चिप्लेढुङ्गा-सभागृह खण्ड र जिरो-विन्ध्यवासिनी खण्डमा सडक सौन्दर्यकरण तथा फुटपाथ निर्माणका लागि रु तीन करोड, फेवा फेरो पदमार्ग निर्माणमा रु ५० लाख र ड्यामसाइट पञ्चासे पर्यटकीय मार्ग विकासका लागि रु ९० लाख छुट्याइएको छ ।

एशियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने सहरी उत्थानशीलता तथा जीविकोपार्जन सुधार आयोजनाका लागि रु २६ करोड १६ लाख, पर्यटन लक्षित कार्यक्रम सञ्चालन गर्न रु एक करोड ५० लाख, फेवातालको उत्तर पश्चिमी खण्डमा बायोइन्जिनियरिङ अध्ययनका आधारमा माटोको ड्याम निर्माण गरी फेवाताल तथा सिमसार क्षेत्र संरक्षण र फेवाबीच निर्माणको काम सुरुआत गर्न रु दुई करोड, सिद्धार्थचोक-विन्ध्यवासिनी सडकखण्डमा पर्ने सम्पदा बस्तीको संरक्षण, विकास तथा प्रवर्द्धनका लागि रु एक करोड विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो ।

पूर्वाधार विकासमा विपीमार्ग सडक स्तरोन्नतिका लागि रु आठ करोड र विश्व बैंकको सहयोगमा सञ्चालित तालचोक-बेगनास, शिशुवा-शिसाघाट तथा बिरौटा-दोबिल्ला-बागमारा-कोत्रे सडकका लागि रु एक अर्ब ६५ करोड विनियोजन गरिएको छ।

शिक्षातर्फ सामुदायिक विद्यालयको व्यवस्थापन र शिक्षाको गुणस्तर सुधार गर्न प्रधानाध्यापकलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन लागि रु ८४ लाख र विद्यार्थीको दिवा खाजाका लागि नेपाल सरकारले प्रदान गरेको प्रति विद्यार्थी प्रतिदिन रु १५ मा महानगरपालिकाबाट रु १० थप गरी प्रतिदिन रु २५ पुऱ्याउनका लागि रु चार करोड ३० लाख विनियोजन गरिएको छ ।

महानगरबाट सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयले उत्कृष्ट नतिजा हासिल गरेकाले शिक्षालयको पूर्वाधार निर्माण तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि रु एक करोड ६५ लाख छुट्याइएको छ । बालविकास केन्द्र सहयोगी कार्यकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीका लागि तलबभत्ता अनुदानतर्फ रु चार करोड ७० लाख विनियोजन गरिएको छ ।

शिक्षातर्फ महिला शिक्षकहरुको प्रसूति बिदामा दैनिक शिक्षण सिकाइ प्रभावित हुन नदिन सट्टा शिक्षक व्यवस्थापन गर्न रु २५ लाख, स्थानीय कला, संस्कृति, साहित्य, सङ्गीत तथा प्राज्ञिक क्षेत्रमा क्रियाशील महानगरस्तरको पोखरा प्रज्ञा-प्रतिष्ठानलाई आवश्यक बजेट व्यवस्था गरिएको उपप्रमुख गुरुङले बताउनुभयो ।

सामाजिक विकासतर्फ उपप्रमुखसँग महिला कार्यक्रममार्फत विपन्न, एकल एवं लक्षित वर्गका महिलाको उद्यमशीलता विकासका लागि सञ्चालित चक्रीय कोषमा आधारित उपप्रमुखसँग महिला कार्यक्रमको निरन्तरताका लागि आगामी आर्थिक वर्ष थप रु एक करोड विनियोजन गरिएको छ भने सहरी गरिबी न्यूनीकरण कार्यक्रमअन्तर्गत लुमन्ती र महानगरपालिकाको साझेदारीमा विपन्न वर्गको आयआर्जन र आवास निर्माणका लागि रु १५ करोड विनियोजन गरिएको छ ।

बजेटमा एकीकृत पञ्चासे क्षेत्र विकास योजना, नौ वटा ताल जोड्ने साइकल मार्ग, फेवा लेक अर्ग्यानिक ट्रेल, विन्ध्यवासिनी सम्पदा क्षेत्र विकास परियोजनालगायतका कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो ।

## पोखरामा २६ सवारी साधनलाई कारवाही

पोखरापत्र संवाददाता
पोखरा, १० असार

पोखरामा पठाओ, टुटल, ईनड्राईभ जस्ता मोवाईल एप मार्फत यात्रु ओसारपसार गरेको आरोपमा २६ वटा सवारी साधनलाई कार्वाही भएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्की तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलिले पोखरा क्षेत्र भित्र निजी तथा सार्वजनिक सवारी साधनहरुले दर्ता नगरी अनधिकृत मोवाईल एप मार्फत यात्रु ओसारपसार गरेको आरोपमा ४ वटा ट्याक्सी सहित २६ वटा सवारी साधनलाई नियन्त्रणमा लिदै कार्वाही गरिएको कास्की प्रहरीले जनाएको छ ।

गण्डकी प्रदेश यातायात व्यवस्था कार्यालय कास्कीको दर्ता नगरी चलाईएका विभिन्न एपहरुको प्रयोग गरी यात्रुहरु ओसार पसार गर्न नदिने भने निर्देशनानुसार खटिएको प्रहरी टोलिले अनधिकृत रुपमा विभिन्न मोवाईल एप प्रयोग गरी दर्ता तथा अनुमति नलिई यात्रुहरु ओसार पसार गर्दै गरेको अवस्थामा २ पाङ्गे सवारी साधन (मो.सा./स्कुटर) - २२ ओटा र चार पाङ्गे सवारी साधन (ट्याक्सी) -४ ओटा गरी जम्मा २६ ओटा सवारी साधनहरुलाई नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ ।

नयन्त्रणमा लिइएका सवारी साधनहरुलाई मिति सोमबारदेखि अब उप्रान्त दर्ता नगरी सञ्चालन नगर्ने गरी एक पटकलाई सम्झाई बुझाई गरी सम्बन्धित सवारी धनिहरुलाई सवारी साधन जिम्मा लगाईएको जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख भानु शर्माले बताउनु भयो ।

यसैबिच, पठाओ, टुटल, ईनड्राईभ जस्ता मोवाईल एपबाट पोखरामा सवारी साधन संचालन गर्नु भएको एउटा टोली सोमबार पोखराको चिप्लेढुंगा, न्यूरोड, पोखरासभागृह लगायतका क्षेत्रमा बिरोध गर्दै मोटरसाइकल तथा स्कुटरको ऱ्याली प्रदर्शन गर्नु भएको थियो ।

## छिट्टै प्रदेश स्वास्थ्य नीति ल्याउँछौं : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १० असार



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले औषधि व्यवसाय मानव स्वास्थ्यसँग जोडिएकाले यस क्षेत्रका व्यवसायी थप जिम्मेवार र संवेदनशील हुनुपर्ने बताउनुभएको छ।

नेपाल औषधि व्यवसायी सङ्घ, गण्डकी प्रदेशको दोस्रो अधिवेशन एवं तेस्रो साधारणसभालाई आज पोखरामा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले यस्तो बताउनुभएको हो । "नेपालका दुर्गम क्षेत्रमा अझै पनि नागरिकको प्राथमिक उपचार तथा औषधि व्यवसायीद्वारा नै हुने गरेकाले यस क्षेत्रका व्यवसायी थप जिम्मेवार हुन जरुरी छ", उहाँले भनुभयो, "एक दुई व्यवसायीको गल्तीका कारण सिङ्गो औषधि व्यवसाय बदनाम बन्नु हुँदैन ।"

गण्डकी प्रदेश सरकार अस्थिर भएकाले स्वास्थ्यसम्बन्धी नीति बनाउन ढिलाइ भएको बताउँदै मुख्यमन्त्री पाण्डेले अब चाँडै सोसम्बन्धी व्यवस्था गरिने बताउनुभयो। नेपाल औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले आम उपभोक्तामा गुणस्तरीय औषधिको पहुँच पुऱ्याउन आवश्यक भएको बताउँदै उहाँले कानुनविपरीत व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई कडा कारबाही गर्ने तयारीमा विभाग रहेको बताउनुभयो। "औषधि व्यवस्था विभागले देशैभरि अनुगमन गरी कानुनविपरीत व्यवसाय सञ्चालन गर्नेलाई कारबाही गर्ने तयारीमा छौँ । अनुगमन कार्यमा व्यवसायीको सहयोग आवश्यक छ", उहाँले भनुभयो ।

नेपाल औषधि व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाशकुमार खण्डेलवालले अन्य वस्तुको तुलनामा औषधि व्यवसाय पृथक र संवेदनशील भएकाले आत्मअनुशासनमा रहेर कारोबार गर्न व्यवसायीलाई आग्रह गर्नुभयो ।

नेपाल औषधि व्यवसायी सङ्घ गण्डकी प्रदेशका अध्यक्ष कृष्णप्रसाद पाण्डे, उपाध्यक्ष शिवबहादुर केसीलगायतले पनि आफ्नो धारणा राख्नुभएको थियो ।

त्यसअवसरमा औषधि व्यवसायी दण्डपाणि शर्मालाई सम्मान गर्नुका साथै संस्थाद्वारा प्रकाशित गण्डकी औषधि दर्पण विमोचन गरिएको थियो ।

## देवकोटालाई निलम्बन गर्ने निर्णय तथा सूचना कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

पोखरापत्र संवाददाता
पोखरा, १० असार

सर्वोच्च अदालतले गण्डकी प्रदेशका सांसद फणीन्द्र देवकोटालाई निलम्बन गर्ने निर्णय तथा सूचना कार्यान्वयन नगर्न आदेश गरेको छ ।

न्यायाधीश प्रकाशमान सिंह राउतको इजलासले सोमबार उक्त विवादको अन्तिम टुङ्गो नलागेसम्म गण्डकी प्रदेशका सभामुखको निर्णय र सूचना कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

"निवेदक गण्डकी प्रदेशसभाको सदस्य निर्वाचित भएकामा विवाद देखिँदैन, निवेदक नेपाल समाजवादी पार्टीसँग आबद्ध भएको भन्ने तथ्य नेपाल राजपत्रमा प्रकाशित सूचनालगायत आधिकारिक कागजातबाट देखिएको छ", आदेशमा भनिएको छ, "निवेदक नेपाल समाजवादी



पार्टीसँग आबद्ध रहेको र सो पार्टी निवेदकले त्याग गरेको नदेखिनुका साथै सो पार्टीले निवेदकलाई कारबाही गरी निष्काशन गरेको समेत देखिँदैन।"

अदालतले सांसद देवकोटा आबद्ध नभएको राजनीतिक दल नेकपा (माओवादी केन्द्र) बाट निवेदकलाई दल त्याग गरेको भनी गण्डकी प्रदेशसभा सदस्यबाट निष्काशन गर्न पाउने अधिकार उल्लिखित संवैधानिक र कानुनी व्यवस्थाको रोहमा प्रत्याभूत गरेको नदेखिएको भनेको छ । "गण्डकी प्रदेशसभाका सभामुखको निर्णय तथा सूचना कार्यान्वयन भएमा निवेदकले जनप्रतिनिधिको हैसियतमा भूमिका निर्वाह गर्न नसक्ने भई अपूरणीय क्षति पुग्ने देखिँदा प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म मिति २०८१/२/३२ को गण्डकी प्रदेशसभाका सभामुखको निर्णय तथा सूचना कार्यान्वयन नगर्नु, नगराउनु ।"

सांसद देवकोटाले २०७९ मङ्सिर ४ गते सम्पन्न गण्डकी प्रदेशसभाको निर्वाचनमा निवेदक नेकपा (माओवादी केन्द्र) को गोलाकारभित्रको हसियाँ हतौडा चुनाव चिह्न लिइ निर्वाचन लडेको भए पनि निवेदकले पेस गरेको मनोनयनपत्र, निर्वाचन आयोगले दिएको प्रमाणपत्र, निर्वाचन आयोग नेपालको मिति २०८० माघ २३ मा उल्लिखित बेहोरा भएको आदेशमा उल्लेख छ ।

यस्तै गण्डकी प्रदेशसभाको निर्वाचनमा निवेदक प्रदेशसभाको सदस्य निर्वाचित भएपश्चात् निर्वाचन आयोगले मिति २०७९ मङ्सिर २९ मा राजपत्रमा प्रकाशित गरेको सूचनामा देवकोटा नेपाल समाजवादी पार्टीसँग आबद्ध भएकामा विवाद नदेखिएको आदेशमा उल्लेख छ।

देवकोटाले यही असार ६ गते गण्डकी प्रदेशमा नेकपा (माओवादी केन्द्र) संसदीय दलको कारबाहीविरूद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

देवकोटाले आफूमाथि भएको कारबाही गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय कार्यान्वयन नगर्न आदेश माग गर्नुभएको थियो । उहाँलाई नेपाली काङ्ग्रेसतर्फबाट मुख्यमन्त्री बन्नुभएका सुरेन्द्रराज पाण्डेलाई दलको निर्देशनविपरित मतदान गरेको भन्दै माओवादी केन्द्रले कारबाही गरेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीको माछापुच्छ्रे गाउँपालिकाको बजेट ६५ करोड ६५ लाख

**पोखरापत्र संवाददाता**
पोखरा १० असार



कास्कीको माछापुच्छ्रे गाउँपालिकाले आउदो आर्थिक वर्ष २०८१/०८२ को लागि रु. ६५ करोड ६५ लाख २५ हजार ५ सय को बजेट प्रस्ताव गरेको छ । माछापुच्छ्रे गाउँपालिकाको १५ औं गाउँसभामा सोमबार उपाध्यक्ष सिता अधिकारीले उक्त बजेट प्रस्ताव गर्नु भएको हो ।

संघीय सरकार वित्तिय समानिकरण अनुदान रु. ९ करोड ५४ लाख, संघीय सरकार सर्शत अनुदान रु. २७ करोड ३७ लाख २५ हजार ५ सय, संघ समपुरक अनुदान तर्फ रु. ३ करोड, संघीय सरकार राजश्व बाँडफाँट रु. १० करोड ७१ लाख ५६ हजार १ सय २६ रुपैया, संघ रोयल्टी बाँटफाँट बाट रु ३१ लाख ४३ हजार ८ सय ७४ रुपैया मात्र संकलन हुने अनुमान गरिएको उहाँले जनाउनु भयो ।

प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु. १ करोड १९ लाख ४० हजार, प्रदेश सरकार विशेष अनुदान रु. ४० लाख र प्रदेश सरकार समपुरक अनुदान रु. ६० लाख, प्रदेश सवारी साधन कर तर्फ रु. ९९ लाख ८१ हजार प्राप्त हुने अनुमान गरिएको उपाध्यक्ष अधिकारीले जनाउनु भयो ।

भुर्जुङखोला - खादरजुङ खैम याङ्ङ घलेखर्क सडक र लुम्रे कुईबाङ - सैतिघट्टा- सिधीङ- कालिमाटि हुदै लुम्रे सडक स्तरोन्नतिको लागि रु ६० लाख विनियोजन गरिएको छ भने पूर्वाधार विकास, आर्थिक विकास तथा सामाजिक विकास गर्न वडागत योजना तथा कार्यक्रमको लागि रु १ करोड ५० लाख विनियोजन गरिएको बजेटमा उल्लेख छ ।

सिर्जना चोक देखी मगर चोक सम्म पक्की सडक निर्माणको लागि रु. ५० लाख, रिभान ग्रामिण सडक स्तरोन्नति को लागि रु. ३५ लाख, टुसे देखी सरिपाखा मोटरवाटो स्तरोन्नतीको लागि रु. २० लाख, काभ्रे मोटरबाटो स्तरोन्नतीको लागि रु.१० लाख, काले खोल्सा देखी मुसीचोक सम्म नाला र बाटो स्तरोन्नरती को लागि रु. १० लाख, श्रेष्ठ चोकदेखि वडा कार्यालय जाने बाटोको लागि रु.१० लाख, नागि चथल बाटो स्तरोन्नती को लागि रु.१० लाख लगायत सडक स्तरोन्नतीको लागि आवश्यक बजेटको व्यबस्था गरेको उहाँले जनाउनु भयो ।

कोलचोक - रातोपानीपुल - भलावोट पानपाते चौतारा-गा.पा केन्द्र - जोगिचौर - पातिखोला - भिडाबारी - गैह्रागाउँ - धिताल धम्पुस देउराली सडकको लागि १ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ । लुम्र- तिल्ची- कोलेली हुँदै ल्वाङ्ग सडक स्तरोन्नतिको लागि रु १ करोड ५० लाख विनियोजन गरिएको छ । आवश्यकताको आधारमा सडक ब्यवस्थापन तथा मर्मत सम्भारका लागि रु. ३० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

शिक्षा, युवा तथा खेलकुदसँग सम्बन्धित योजना तथा कार्यक्रमको लागि १९ करोड ५४ लाख ७८ हजार रुपैयाँ विनियोजन गरिएको बजेटमा उल्लेख छ भने त्यसै गरी स्वास्थ्यसँग सम्बन्धित योजना तथा कार्यक्रमको लागि ४ करोड ८१ लाख ५८ हजार ५ सय रुपैयाँ विनियोजन गरिएको हो । कृषि तथा पशुपंक्षी विकास सम्बन्धि कार्यक्रमका लागि रु. ३६ लाख २० हजार रुपैयाँ विनियोजन गरेको उपाध्यक्ष अधिकारीले जनाउनु भयो ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि को लागि रु. ५८ लाख ९० हजार रकम विनियोजन गरिएको छ भने सशर्त पूँजिगत अन्तर्गत पर्यटन पूर्वाधार विकास आयोजनाको लागि रु. १८ लाख, वस्ति विकास कार्यक्रममा रु. १ करोड ४० लाख, र झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम को लागि रु १० लाख गरी जम्मा रु. १ करोड ६८ लाख विनियोजन गरिएको उपाध्यक्ष अधिकारीले उल्लेख गर्नु भयो ।

# सञ्चारिकाको डिजिटल साक्षरता अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालयको आर्थिक सहयोग एवम् सञ्चारिका समूह नेपाल गण्डकी प्रदेशले डिजिटल साक्षरता अभियान सञ्चालन गरेको छ ।

सो अभियानअन्तर्गत आज 'सूचना र प्रविधिमा महिलाको पहुँच' विषयक एकदिने तालिम सम्पन्न भएको छ ।

उपसभामुख विनाकुमारी थापाले महिलाको क्षमता अभिवृद्धि गर्न तालिमको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले सीपलाई दैनिक व्यवहारमा लागू गर्न आग्रह गर्नुभयो । महिला पत्रकारको क्षमता अभिवृद्धि गर्ने सवालमा सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले सत्यतथ्य सूचना सम्प्रेषणमा जोड दिनुभयो ।

तालिमको सहजीकरण गर्दै प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारीले सञ्चार माध्यमवाट प्रसारण हुने सूचना तथ्यपरक हुनुपर्नेमा जोड दिँदै नविनतम प्रविधिको सदुपयोग गर्न सके समयको बचतसँगै गुणस्तरीय कार्यसम्पादन गर्न सकिने बताउनुभयो ।

तालिममा विभिन्न सञ्चारमाध्यमा कार्यरत ४० जना महिला पत्रकारकोसहभागितारहेकोथियो।

# जनतामा केन्द्रित रहेर सेवा प्रवाह गर्नुस : सरकार पूर्वसचिव आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



नेपाल सरकारका पूर्वसचिव एवम् सार्वजनिक प्रशासन विज्ञ बाबुराम आचार्यले निजामति कर्मचारी प्रशासन नागरिकको स्थायीसरकाररहेकालेनागरिकका सेवा प्रवाहमा केन्द्रित रहेर काम गर्न आग्रह गर्नु भएको छ ।

नेपाल निजामति कर्मचारी युनियन कास्की जिल्लाले पोखरामा आयोजना गरेको अन्तरक्रियामा कार्यक्रममा बोल्नुहुर्दै उहाँले सो कुरा बताउनुभएको हो ।

सार्वजनिक सेवा प्रवाहमा रहने कर्मचारीहरुको काम छिटो छरिटो र सर्वसुलभ तवरबाट गर्न सकेमा मात्र नागरिकले राज्यबाट प्राप्त गर्ने सेवाको अनुभुति गर्न सक्ने बताउनुभयो ।

प्रशासनका विज्ञ समेत रहनुभएका आचार्यले कुनै पनि कर्मचारीको सरुवा दबाबले नभई कार्यालयको आवश्यकता कर्मचारीकोव्यवसायीकतारन्यायका आधारमा हुनुपर्ने बताउनुभयो ।

उहाँले कर्मचारीहरुले स्वाभिमानिता, इमान्दारीता, धैर्यता र मौनतालाई केन्द्रमा राखेर काम गरेमा कुशल राष्ट्र सेवक बन्ने समेत बताउनुभयो ।

कार्यक्रममा प्रेस स्वतन्त्र सेनानी एवम् गोरखा पत्र दैनिकका गण्डकी प्रदेश प्रमुख रमेश पौडेलले सार्वजनिक प्रशासन सेवाले नै सरकारको मुल्यांकन नागरिकले गर्ने बताउनुभयो । कार्यक्रममा युनियनका अध्यक्ष सुरेश कुमार श्रेष्ठले कर्मचारीका समस्याहरुलाई संगठनले सकेसम्म सम्बोधन गर्ने बताउनुभयो ।

कार्यक्रममा युनियनका उपाध्यक्ष केदार सापकोटा, सचिव सुमन पौडेल , पूर्व केन्द्रीय सदस्य कृष्णप्रसाद अर्याल लगायतले कर्मचारीका समस्या र सार्वजनि सेवा प्रवाहका बारेमा आफ्ना भनाई राखेका थिए ।

सो अवसरमा विभिन्न कार्यालयबाट कास्कीका विभिन्न कार्यालयमा सरुवा भई आएका र सरुवा भएर अन्य ठाउँमा जानुभएका कर्मचारीहरुलाई शुभकामना तथा विदाई गरिएको थियो ।

# जङ्गली च्याउ खाँदा बिरामी थप एकको मृत्यु

**रासस**
तनहुँ, १० जेठ

तनहुँको आँबुखैरेनी गाउँपालिकामा जङ्गली च्याउ खाएर बिरामी परेका थप एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्क निवासी ५८ वर्षीया पम्फी गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

च्याउ खाँदा बिरामी भएको उनको आइतबार उपचारका क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो । यसअघि शुक्रबारमात्रै ८५ वर्षीया द्रोणपति गुरुङको मृत्यु भएको थियो ।

गत असार १ गते ५४ वर्षीय डिलबहादुर गुरुङले घर नजिकको जङ्गलबाट ल्याएको च्याउ खाँदा पाँच जना बिरामी भएका थिए । त्यसमध्ये ५७ वर्षीया मधु गुरुङ, ९२ वर्षीय रणबहादुर गुरुङ र ५४ वर्षीय डिलबहादुर गुरुङको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

# गण्डकी प्रदेशस्तरीय महिला टी-२० क्रिकेटको उपाधि स्याङ्जालाई

**रासस**
पोखरा, १० असार

पोखरामा सञ्चालन भएको गण्डकी प्रदेशस्तरीय महिला टी-२० क्रिकेटको उपाधि स्याङ्जाले जितेको छ ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आज सम्पन्न फाइनलमा घरेलु टोली कास्कीलाई ४५ रनले पराजित गर्दै स्याङ्जाले उपाधि जितेको हो ।

विजेता स्याङ्जाले नगद रु एक लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेता कास्कीले रु ५० हजार ट्रफी र मेडल पुरस्कार प्राप्त गर्यो ।

फाइनलमा टस जितेर पहिले ब्याटिङ गरेको स्याङजाले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय पाँच रन बनाएको थियो । उसका लागि कुसुम गोदारले ३१ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै ३१ रन जोडिन् । सिमाना केसीले ३६ बलमा दुई चौकाका साथ २४ रनको योगदान दिइन् । यसैगरी ज्योत्सना मरासिनीले १४ रन बनाइन् । अन्य खेलाडीले भने दोहोरो अङ्कको रन छुन सकेनन् ।

कास्कीका लागि सुशीला दिम्दुङ र पूर्णिमा गुरुङले समान दुई/दुई विकेट लिए । रचना चौधरी, चन्द्रमायाँ बराल र रिया तामाङले समान एक/एक विकेट लिए ।

उपाधिका लागि एक सय छ रनको लक्ष्य पछ्याउने क्रममा कास्की २० ओभरमा नौ विकेट गुमाउँदै ६० रनमा सीमित भयो ।

कास्कीले १५ रन अतिरिक्त दोहोरो रन आफ्नो पारीमा जोडे पनि कुनै पनि खेलाडीले दोहोरो अङ्क छुन भने सकेनन् । कास्कीका खेलाडीहरुले आफ्नो पारीमा ४५ रन मात्रै बनाए ।

स्याङ्जाका लागि बलिङतर्फ आकृति तिवारीले चार ओभरमा एक मेडन राख्दै १२ रन दिएर दुई विकेट लिइन् । 'ओमन अफ दी म्याच' घोषित सिमाना केसीले तीन ओभर बलिङमा पाँच रन दिएर दुई विकेट लिन सफल हुँदा रञ्जना साउदले दुई ओभरमा पाँच रन दिएर दुई विकेट लिइन् । यसैगरी कुशुम गोदारले एक विकेट लिन सफल भइन् ।

प्रतियोगितामा स्याङ्जाकी कुसुम गोदार 'प्लेयर अफ दि सिरिज' र 'बेष्ट ब्याटर' बन्न सफल भइन् । कास्कीका चन्द्रमाया बराल उत्कृष्ट बलर बन्न सफल भइन् । उनीहरुले नगदसहित ट्रफी प्राप्त गरे ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घ गण्डकीको व्यवस्थापनमा यही असार ७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा चार जिल्लाले सहभागिता जनाएका थिए ।

प्रतियोगितामा विजेता खेलाडीहरुलाई गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री राजीव गुरुङ, प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष ध्वज कुमार गुरुङ, प्रतियोगिताका संयोजक एवं प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य ऋषीराम गौतमले लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

# भदौ मसान्तसम्म राष्ट्रिय परिचयपत्र बनाए साउनदेखिकै भत्ता पाइने

**रासस**
काठमाडौं, १० असार

सरकारले सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएका २८ जिल्लामा आगामी भदौ मसान्तसम्म परिचयपत्र नम्बर प्राप्त गरी लाभग्राही परिचयपत्र नवीकरण गरेमा साउन १ गतेदेखिकै भत्ता उपलब्ध गराउने भएको छ ।

गृह मन्त्रालयले आज विज्ञप्ति जारी गर्दै बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति, अशक्त, असहाय र ९० वर्ष माथिका ज्येष्ठ नागरिकलाई भत्ता प्राप्त गर्न राष्ट्रिय परिचय नम्बर आवश्यक नपर्ने भएकाले आफूलाई अनुकूल समयमा सेवा लिनसमेत अनुरोध गरेको छ । सरकारले आगामी साउन १ गतेदेखि झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, बारा, पर्सा, रौटहट, सर्लाही, काठमाडौँ, भक्तपुर, ललितपुर, सिन्धुली, मकवानपुर, चितवन, कास्की, तनहुँ, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलली र कञ्चनपुर जिल्लाका लाभग्राहीलाई भत्ता बुझ्न राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो ।


उक्त निर्णयपश्चात जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउने सेवाग्राहीको घुइँचो लाग्ने गरेको छ। जेष्ठ नागरिक तथा अशक्त व्यक्तिलाई सेवा लिन असहज भएको जनगुनासो व्यापकरूपमा सुनिएसँगै उक्त व्यवस्था मिलाइएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । ज्येष्ठ नागरिक र अशक्तलाई लक्षित गरेर सम्बन्धित स्थानीय तहसँगको समन्वयमा सकभर वडास्तरमा नै विवरण सङ्कलनको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी परिचयपत्रको दर्ता प्रक्रियामा आवश्यक सहजीकरण गरिदिन सबै स्थानीय तहलाई अनुरोधसमेत गरेको छ।

सेवाग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले पहिलो चरणमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएका २८ जिल्लामा चार सय ३८ विवरण दर्ता अपेरटर खटाइएको मन्त्रायले जनाएको छ । सेवाग्राहीको चापका आधारमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा पायक पर्ने उपयुक्त स्थानमा विवरण दर्ता स्टेशन सञ्चालनको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रदान गरिएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन् जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# आन्दोलन गर्नै पर्ने अवस्था नमिस्त्याऊ

संघीय संसद् सचिवालयका कर्मचारीको आन्दोलन सातबुँदे सहमतिसँगै अन्त्य भएको छ। कर्मचारीहरूले तलब, अतिरिक्त भत्तालगायतका सेवा सुविधा वृद्धिको माग गर्दै आन्दोलन गरेका थिए। गर्दा संसद्का गतिविधि नै प्रभावित भइरहेका थिए। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय, कर्मचारी युनियनका अध्यक्ष गोविन्दप्रसाद बेल्बासेलगायतले सातबुँदे सहमतिपत्रमा हस्ताक्षर गरेपछि आन्दोलन रोकिएको छाहरेक क्षेत्रमा आन्दोलन गरेर आफ्नो सेवा सुविधा बढाउने प्रवृत्ति बढेर गएको छासरकारले शुरुमा कर्मचारीले राखेका मागकाबारेमा छलफल गरेर हल गर्न नचाहने आन्दोलन गरेपछि कर्मचारीका शर्त मान्न बाध्य हुने गरेको छात्यसैको आधारमा संगठित समुहले आफ्ना माग पूरा गराउन सफल भएका छन्।

संघीय संसद्का कर्मचारीहरू ११ बुँदे मागसहित आन्दोलन गरिरहेका थिए। कर्मचारी युनियनले राखेका मागहरूप्रति नेपाल सरकार सकारात्मक रहेकोले सम्पूर्ण माग क्रमशः पूरा गर्दै जाने सहमति भएको छ। संसदमा बजेट र सरकारको नीति तथा कार्यक्रमबारे छलफल र पारित गर्ने कार्यतालिका अनुसार हुन नसक्ने अवस्थामा आन्दोलन गरेर सरकारलाई आफ्ना माग संबोधन गराउन कर्मचारीहरू सफल भएका छन्। 'राजपत्र अनंकित पाँचौ श्रेणी श्रेणीविहिन पदमा कार्यरत कर्मचारीहरू संघीय संसद् सेवाबाट अनिवार्य अवकाश हुँदा राजपत्र अनंकित तृतीय श्रेणीमा बढुवा हुने कानुनी प्रावधान बमोजिम बढुवा भएका कर्मचारीहरूलाई खाइपाइ आएको तलबमान नघट्ने गरी अवकाशपश्चातका सेवा सुविधा प्रदान गर्ने। साथै हलुका सवारी चालक छैठौं स्तरको तलबमान निर्धारण गर्ने,' सहमतिपत्रमा भनिएको छ, 'संघीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ को दफा १३ मा उल्लेखित संघीय संसद् विकास कोष, सोही ऐनको दफा १०६ मा रहेको कर्मचारी कल्याण कोषलगायतका कोष सञ्चालन गर्न र संघीय संसद् सचिवलायको तर्फबाट सम्बोधन हुनुपर्ने मागहरूका सम्बन्धमा नेपाल सरकारले आवश्यक सहजीकरण गर्ने।'

संसद् सेवामा कार्यरत राजपत्राङ्कित कर्मचारीहरूको लागि मासिक३,५०० र राजपत्र अनंकित कर्मचारीहरूका लागि मासिक ३,००० साविकको आवास भत्तामा वृद्धि गर्ने पनि सहमति भएको छ। संघीय संसद् सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को अनुसूची-१२ लाई बढीमा तीन वर्षमा पुनरावलोकन गर्ने पनि सहमति भएको छ। सरकारले शुरुको मागपत्रलाई गम्भीरतापूर्वक नलिने र पन्छाउने प्रवृत्ति छाजब समय घर्किन लाग्यो तब तात्ने नेपाली चलनले गर्दा आन्दोलनमा उतार्ने काम गरेको छ। सहमतिको दुवैतर्फबाट पालना भएमा आन्दोलन गर्नैपर्ने अवस्था आउने छैन।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मध्यकाली गण्डकीलाई नौ अर्ब लगानी जुट्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १० असार

म्याग्दीको उत्तरी क्षेत्र भएर बग्ने कालीगण्डकी नदीमा निर्माण सुरु हुन लागेको मध्य कालीगण्डकी जलविद्युत् आयोजनाका लागि वित्तीय व्यवस्थापन भएको छ।

आइएमई समूहको हाइड्रो सपोर्ट प्रालिले म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा निर्माण गर्न लागेको ६६ दशमलव ३ मेगावाट क्षमताको आयोजनामा नबिल बैंक लिकाअगुवाइमा छ वाणिज्य बैंकले रु नौ अर्ब १२ करोड लगानी गर्ने भएका हुन्।

हाइड्रो सपोर्ट प्रालि प्रवर्द्धक रहेको यस आयोजनाको बाँध अन्नपूर्ण-३ सुकेबगरमा र विद्युत् गृह अन्नपूर्ण-२ ठूलोबगर क्षेत्रमा प्रस्ताव गरिएको छ। चार हजार सय मिटर सुरुङ रहने यस आयोजनाको विद्युतगृहदेखि फोरवेको उचाइ एक सय १५ मिटर हुनेछ। केही दिनअघि नबिल बैंकको नेतृत्वमा वित्तीय व्यवस्थापनको सम्झौता भएको मध्य कालीगण्डकीको पूर्वाधार निर्माणको तयारी गरेको आयोजना प्रमुख चन्द्र ढकालले जानकारी दिनुभयो। सन् २०२४ मा भौतिक निर्माण सुरु हुने आयोजना चार वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सम्झौतामा हाइड्रो सपोर्ट प्रालिको तर्फबाट आइएमई समूहका अध्यक्षसमेत रहनुभएका ढकाल र बैंकहरूको तर्फबाट सहवित्तीयकरणको नेतृत्व गरेको नबिल बैंकका प्रमुख कार्यकारी ज्ञानेन्द्र ढुङ्गानाले हस्ताक्षर गर्नुभएको थियो। कूल रु १२ अर्ब ९३ करोड लागत अनुमान गरिएको यस आयोजनामा ७५ प्रतिशत लगानी नबिलसहित एभरेस्ट बैंक लिमिटेड, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र प्रभु बैंकले गर्ने भएका छन्। पच्चीस प्रतिशत प्रवर्द्धक र शेयर लगानीकर्तामार्फत जुटाइने भएको छ। नबिल बैंकले रु तीन अर्ब १२ करोड, एभरेस्ट बैंक र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले रु दुई/दुई अर्ब र नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र प्रभु बैंकले रु एक/एक अर्ब लगानी गर्नेछन्। नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता हुँदा हिउँदयामको विद्युत् खरिद दर रु ८.४० र वर्षायामको दर रु ४.८० रुपैयाँ कायम भएको आधारमा आयोजनाबाट हिउँदमा एक सय ३० गिगावाटबाट रु एक अर्ब नौ करोड र वर्षामा दुई सय ७७ गिगावाटबाट रु एक अर्ब ३३ करोड आम्दानी हुने प्रक्षेपण छ। मुस्ताङदेखि पर्वतको सिमानासम्मको म्याग्दी खण्डमा कालीगण्डकी नदीबाट पाँच वटा जलविद्युत् आयोजना निर्माणको तयारी भएको छ। यी आयोजना निर्माणको तयार सिँगै कालीगण्डकी ऊर्जा नदीमा रुपान्तरण हुन लागेको छ। घाँसादेखि मिलनचोकसम्म कालीगण्डकीमा करिब चार सय मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माणको प्रक्रियामा छन्।

# बेनीमा मौसम मापन केन्द्र स्थापना



पोखरापत्र संवाददाता
म्याग्दी, १० असार

म्याग्दीको सदरमुकाम बेनीमा मौसम मापन केन्द्र स्थापना भएको छ। बेनी नगरपालिकासँगको समन्वयमा जल तथा मौसम विज्ञान कार्यालय पोखराले जलवायु परिवर्तन र मौसमका सूचना समयमा सहजै प्राप्त गर्न सकिने केन्द्र स्थापना गरेको हो।

केन्द्रमा जडान गरिएको स्वचालित उपकरणबाट बेनी आसपासका तापक्रम, वर्षा, हावाको गतिसम्बन्धी सूचना तत्कालै उपलब्ध हुनुका साथै तथ्याङ्क भण्डारण गरिने जल तथा मौसम विज्ञान कार्यालय पोखराका प्रमुख सुजन सुवेदीले जानकारी दिनुभयो।

"केन्द्रमा जडान गरिएको स्वचालित उपकरणबाट प्राप्त हुने मौसमसम्बन्धी जानकारी केन्द्रीय सर्भरमा निरन्तर अपडेट र भण्डारण हुन्छ," उहाँले भन्नुभयो "सर्भरसँग कनेक्सन गरिएको वेबसाइटमार्फत विवरण सार्वजनिक हुने व्यवस्था मिलाइएको छ।" विपद् व्यवस्थापनको पूर्वतयारी र क्षति न्यूनीकरणका साथै भण्डारण भएको तथ्याङ्क र अभिलेख अध्ययन-अनुसन्धानका लागि उपयोगी हुने कार्यालय प्रमुख सुवेदीले जानकारी दिनुभयो। बेनीमा रहेको मौसम मापन केन्द्र विसं २०६० चैत ७ गते बेनी भिडन्तका क्रममा क्षति पुगेपछि बन्द भएको थियो। बेनी नगरपालिकाले मौसम मापन केन्द्र स्थापना गर्न कार्यालय परिसरमा जग्गा उपलब्ध गराएको छ।

जिल्ला सदरमुकाममा मौसमसम्बन्धी जानकारीको अभाव भएको गुनासो बढेपछि मौसम मापन केन्द्र पुनःस्थापनाका लागि पहल गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो। तापक्रम, वायु र वर्षाबारे जानकारी लिने संयन्त्र जडान भएपछि विपद्को क्षति न्यूनीकरण र व्यवस्थापनका लागि पूर्वतयारी गर्न सहज हुने उहाँको भनाइ छ।

बेनीसहित गण्डकी प्रदेशमा २६ वटा मौसम मापन केन्द्र रहेको जल तथा मौसम विज्ञान कार्यालय पोखराका प्राविधिक प्रकाश गुरुङले जानकार दिनुभयो। २६ मध्ये १२ वटा मौसम मापन केन्द्रमा स्वचालित उपकरण जडान भएका छन्।

# नेपाल पब्लिक क्याम्पस सङ्घ तनहुँको अध्यक्षमा केसी चयन

पोखरापत्र संवाददाता
तनहुँ १०, असार

सामुदायिक क्याम्पसको छाता सङ्गठन नेपाल पब्लिक क्याम्पस सङ्घ तनहुँको पाँचौँ अधिवेशनले ऋषि केसीको अध्यक्षतामा सात सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ।

व्यास नगरपालिका-१ विज्ञानचौर भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसमा भएको अधिवेशनबाट आँबुखैरेनी बहुमुखी क्याम्पसका सञ्चालक समिति अध्यक्ष केसी सङ्घको अध्यक्ष पदमा चयन हुनुभएको हो।

सङ्घको उपाध्यक्षमा सिके विके क्याम्पस बन्दीपुर-१ डुम्रेका अध्यक्ष सुन्दरलाल श्रेष्ठ, सचिवमा आदिकवि भानुभक्त क्याम्पसका प्राध्यापक सङ्घका उपाध्यक्ष चिरञ्जीवी बस्नेत र कोषाध्यक्षमा त्रिभुवनक्याम्पसभानुनगरपालिका-११ मानेचौका क्याम्पस प्रमुख रवीन्द्र जोशी चयन हुनुभएको छ।

त्यस्तै सदस्यमा तनहुँ शारदा क्याम्पसका अध्यक्ष सीताराम अधिकारी, बन्दीपुर-१ का क्याम्पसका नेपाल पब्लिक क्याम्पस प्राध्यापक सङ्घका एकाइ अध्यक्ष गोवर्धन भट्टराई, शुक्लागण्डकी नगरपालिका-८ स्थित सहिद कृष्ण क्याम्पसका क्याम्पस प्रमुख हरिप्रसाद लम्साल रहनुभएको छ।

सो अवसरमा आदिकवि भानुभक्त क्याम्पसका प्रमुख एवं सङ्घका गण्डकी प्रदेश समितिका निवर्तमान अध्यक्ष महाप्रसाद हड्खलेले सामुदायिक क्याम्पसका चुनौती, अवसर र सङ्घीय, प्रादेशिक र स्थानीय सरकारसँग जनस्तरबाट सञ्चालन हुँदै आएका जिल्लाका सामुदायिक क्याम्पसको अपेक्षाका बारेमा जानकारी गराउनुभएको थियो।

अधिवेशनले सामुदायिक क्याम्पसको सञ्चालन, भौतिक पूर्वाधार निर्माण र त्यहाँ कार्यरत प्राध्यापक, कर्मचारीको सेवा सुविधाको प्रत्याभूति गर्न र उनीहरूको योग्यता, ज्ञान, सीप र क्षमता अभिवृद्धिको अवसर प्रदान गर्ने गरी नीति, कार्यक्रम तथा योजना तय गर्न सहज बनाउनेछ। सङ्घले सङ्घीय, प्रादेशिक एवं स्थानीय सरकारलाई आह्वान गर्ने र सामुदायिक क्याम्पसलाई उच्च शिक्षाका थप प्राविधिक एवं रोजगारमूलक शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति प्रदान गर्न र सामुदायिक क्याम्पसलाई आर्थिक एवं भौतिक टेवा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय र प्रदेश विश्वविद्यालयलाई आह्वान गर्ने प्रस्ताव पारित गरेको छ।

अधिवेशनमा जिल्लाका सामुदायिक क्याम्पसका प्रतिनिधिको सहभागिता रहेको थियो। तनहुँमा १० वटा सामुदायिक क्याम्पस सञ्चालनमा रहेका छन्।

निर्वाचन प्रबन्ध समिति संयोजकमा नेपाल पब्लिक क्याम्पस सङ्घका केन्द्रीय सदस्य एवं जनज्योति क्याम्पस भिमादका क्याम्पस प्रमुख केशवराज काफ्ले र सदस्यमा आदिकवि भानुभक्त क्याम्पसका सहायक क्याम्पस प्रमुख डा रामकुमार अधिकारी र नेपाल पब्लिक क्याम्पस प्राध्यापक सङ्घ गण्डकीका अध्यक्ष एवं आदिकवि भानुभक्त क्याम्पस मानविकी तथा समाजशास्त्र विभागका प्रमुख बिमल गिरी रहनुभएको थियो।

# रुपामा 'मौरी घार समृद्धिको आधार' कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १० असार

कास्की जिल्लाको रुपा गाउँपालिकाले 'मौरी घार समृद्धिको आधार'का रुपमा लिँदै मह उत्पादनलाई प्राथमिकतामा दिएको छ।

'किसानको हातः गाउँपालिकाको साथ' भन्ने नाराका साथ एक घर एक मौरी घार कार्यक्रमलाई निरन्तरता दिइएको उपाध्यक्ष लालसुब्बा गुरुङले बताउनुभयो।

'एक घर एक मौरी घार' कार्यक्रमका लागि रु ५२ लाख विनियोजन गरिएको छ। रुपा गाउँपालिकाले चालु आर्थिक वर्षदेखि एक घर एक घार कार्यक्रम सञ्चालन गरिरहेको छ। किसानलाई न्यूनतम मूल्यमा घार वितरण गरी रुपाका सबै घरलाई एक घर एक घार अभियानमा जोडेर आगामी वर्षमा कम्तीमा २५ हजार लिटर मह उत्पादन गर्ने लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले बताउनुभयो।

उहाँले भन्नुभयो, "मह उत्पादन वृद्धि गरी रुपालाई मौरी पालनको हब बनाउने र यहाँ उत्पादित महलाई ब्रान्डिङ गरी बजारीकरणको उचित व्यवस्थापन गर्नेछौँ।" बजेट कार्यक्रममा कटहर खेतीलाई प्रोत्साहन गर्दै व्यावसायिक बनाउन कार्यक्रम सञ्चालन गर्ने, किसानको खेतीको सुरक्षाका लागि बाँदर नियन्त्रणको उपाय खोजी गर्ने, युवालाई उद्यमी बनाई स्वरोजगार बनाउनेलगायतका रहेका छन्।

यसैबीच रुपाले आगामी आव २०८१/०८२ का लागि रु ४६ करोड ७६ लाख ८२ हजारको बजेट कार्यक्रम ल्याएको छ। गाउँपालिका उपाध्यक्ष गुरुङले आइतबार १५ औँ गाउँ सभामा आवको बजेट कार्यक्रम प्रस्तुत गर्नुभयो। गाउँपालिकाले कृषि, पूर्वाधार र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याएको छ।

गाउँपालिकाले ल्याएको बजेटमा चालुतर्फ रु ३१ करोड ९४ लाख ५७ हजार र पुँजीगततर्फ रु १४ करोड ८२ लाख २५ हजार विनियोजन गरिएको छ।

बजेटमा 'मौरी घार समृद्धिको आधार'का रुपमा लिँदै मह उत्पादनलाई प्राथमिकतामा राखिएको छ। 'किसानको हातः गाउँपालिकाको साथ' भन्ने नारका साथ एक घर एक मौरी घार कार्यक्रमलाई निरन्तरता दिइएको उपाध्यक्ष गुरुङले बताउनुभयो।

गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु एक करोड बजेट छुट्याइएको छ। रुपाकोट अस्पताल भवन निर्माणका लागि रु ५० लाख, गाउँपालिकाको वडा नं १ र २ को मुख्य सडक शिवचण्डी मोटरबाटो स्तरोन्नतिका लागि रु दुई करोड ९० लाख विनियोजन गरिएको छ।

गाउँपालिकाले आवका लागि आर्थिक विकासतर्फ रु तीन करोड ८९ लाख ६२ हजार, सामाजिक विकासतर्फ रु २३ करोड ३० लाख, पूर्वाधार विकासतर्फ रु १० करोड ५० लाख, कृषि तथा पशु सेवाका लागि रु दुई दुई करोड ३२ लाख ६२ हजार विनियोजन भएको छ।

# किसानलाई ६४ हजार डालेघाँसका बिरुवा वितरण

पोखरापत्र संवाददाता
म्याग्दी १०, असार

भूसंरक्षणसँगै पशुपालनमा जोड दिने उद्देश्यले यस वर्ष चार जिल्लाका किसानलाई ६४ हजार डालेघाँसका बिरुवा वितरण गरिएको छ। भूसंरक्षण तथा जलाधार कार्यालय पर्वतले बागलुङ, म्याग्दी, पर्वत र स्याङ्जाका किसानलाई ६४ हजार डालेघाँसका बिरुवा उत्पादन गरेर निःशुल्क वितरण गरेको हो।

ग्रामीण भागमा सडक निर्माण गर्ने कार्यले तीव्रता पाउँदा बढेको भूक्षय कम गर्ने र गाई, भैँसी तथा बाख्रापालनमा सहयोग पुऱ्याउने उद्देश्यले डालेघाँसको बिरुवा वितरण गरिएको भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतले जनाएको छ।

कार्यालयले बागलुङबाट घाँसका बिरुवा वितरण गर्न थालेको बताउँदै यही असार मसान्तभित्रै चारवटा जिल्लाका किसानलाई बिरुवा वितरण गरिसक्ने कार्यालयका प्रमुख दिवाकर पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार साबिकको भूसंरक्षण कार्यालय, बागलुङमा उत्पादन भएका १४ हजार घाँसका बिरुवा निःशुल्क रूपमा वितरण भइरहेका छन्।

पौडेलले म्याग्दी, पर्वत र स्याङ्जामा समेत बिरुवा वितरण कार्य सञ्चालन गरिएको बताउनुभयो। पाँच जिल्ला कार्यक्षेत्र भएको भूसंरक्षण तथा जलाधार व्यवस्थापन कार्यालयले मुस्ताङमा भने डालेघाँसका बिरुवा उत्पादन र वितरण नगरिएको जनाएको छ। कार्यालयका अनुसार यस वर्ष बागलुङमा १४ हजार, म्याग्दी १५ हजार, पर्वतमा २० हजार र स्याङ्जामा २० हजार बिरुवा उत्पादन गरेर वितरण भइरहेको छ।

"पशुलाई पोषिलो, भू-संरक्षणलाई सहयोगी डालेघाँसको माग अत्यन्तै बढी छ, हामीले किसानका माग धान्न गाह्रो छ। बर्सेनि बिरुवाको उत्पादन घट्दो र माग बढ्दो छ, बजेट अभावमा किसानको मागअनुसार बिरुवा दिन सकिरहेका छैनौँ", पौडेलले भन्नुभयो, "कायक्षेत्र पाँच जिल्ला भए पनि मुस्ताङमा डालेघाँस हुँदैन, चार जिल्लामा असार मसान्तभित्रै बिरुवा वितरण सकिन्छ।"

अहिले कार्यालय तथा समन्वय कार्यालयबाट निःशुल्क रूपमा राय खन्यु, निमारो, कल्की, पारिजात, काफलगायत डालेघाँसका बिरुवा वितरण भइरहेका छन्। बिरुवा प्रतिकिसान १० र कृषि समूह तथा वडा कार्यालयको सिफारिसमा अधिकतम एक हजारसम्म दिन सकिने बागलुङका नर्सरी नाइके दुर्गाप्रसाद रिजालले बताउनुभयो।

पाखो बारी तथा ग्रामीण सडकको छेउछाउमा बिरुवा लगाउँदा पशुलाई आहारा र भू-क्षय हुनबाट जोगिने हुनाले भूसंरक्षण तथा जलाधार कार्यालयले पर्वतसहित बागलुङ, म्याग्दी र स्याङ्जामा नर्सरी निर्माण गरेर बर्सेनि बिरुवा उत्पादन तथा वितरण गर्दै आइरहेको छ।

# रेडियो बाराहीमा कोटेश्वर बहुमुखी क्याम्पसका विद्यार्थीहरुको स्थलगत अवलोकन

**पोखरापत्र संवाददाता**
पोखरा १०, असार

काठमाडौँको जडीबुटी-३२ मा रहेको कोटेश्वर बहुमुखी क्याम्पसका बि.ए दोस्रो बर्षमा अध्ययनरत विद्यार्थीहरुद्धारा सोमबार पोखरामा रहेको रेडियो बाराही ९९.२ मेगाहर्जको स्थलगत अवलोकन गरेका छन्।

सैद्धान्तिकसँगै व्यवहारिक ज्ञानलाई अभिवृद्धि गर्ने उद्देश्य अनुरुप क्याम्पसले तिन दिने अवलोकन भ्रमण अन्तर्गतको दोस्रो दिन रेडियो बाराही अवलोकनका लागि आएको कोटेश्वर बहुमुखी क्याम्पसका विभागीय प्रमुख मनोज अधिकारीले बताउनुभयो।

विद्यार्थीहरुलाई मिडियाको वास्तविक स्वरुपकारे बिषयमा स्थलगत रुपबाटै अवलोकन गराउँदा झन् प्रभावकारी हुने



क्याम्पसका प्राध्यापक गोकुल पोख्रेलले बताउनुभयो।

रेडियो बाराहीका कार्यकारी निर्देशक रमेश पौडेलले रेडियो आफैमा एउटा सुचनाको संवाहक रहेको हुँदा अहिलेको समयमा रेडियो आधुनिकता तिर ढल्किदै गई केही परिस्कृत भएको बताउनुभयो।

उहाँले पोखरा पर्यटकीय राजधानी रहेको हुँदा यहाँ आउने पर्यटक, पर्यटन स्थल, होटल, बिकासका पूर्वाधारमा पोख्रेलीहरुको मेहेनत बढी नै रहेको बताउनुभयो।

पोखराले सकरात्मक पत्रकारितालाई बढी जोड दिने गरेको उहाँको भनाई थियो।

कार्यकारी निर्देशक पौडेलले सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा प्रयोग गरेमात्र क्याम्पसका ज्ञानले सार्थकता पाउने समेत बताउनुहुदै पोखरामा रहेका पत्रपत्रिका, अनलाइन, रेडियो, टेलिभिजन जस्ता संचारका माध्यमका बारेमा आफ्ना अनुभवहरु सँगै कार्यशैलीबारे विद्यार्थी समक्ष भनाई राख्नुभएको थियो। उहाँले रेडियोको स्थापनासँगै उपयोगीता र प्रभावकारितामा बारे समेत जानकारी दिनुभएको थियो।

सो अवलोकनमा आएका विद्यार्थीहरुले रेडियो, पत्रकारिता लगायत बिषयसँग सम्बन्धित आ-आफ्ना जिज्ञासा पनि राखेका थिए।

अवलोकनमा क्याम्पसका प्राध्यापकहरु पदमराज जोशी, लेखनाथ घिमिरे सहित बि.ए दोस्रो बर्षका करिब ३५ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो।

# बाढीपहिरोबाट तनहुँमा सात हजार प्रभावित हुने अनुमान

**पोखरापत्र संवाददाता**
तनहुँ १०, असार

यस वर्षको बाढीपहिरोबाट तनहुँमा सात हजार प्रभावित हुनसक्ने अनुमान गरिएको छ। जिल्ला प्रशासन कार्यालयले तयार गरेको आपत्कालीन प्रतिकार्य योजना २०८१ अनुसार यस वर्षको मनसुनबाट जिल्लामा सात हजार मानिस प्रभावित हुनसक्ने अनुमान गरिएको हो।

गण्डकी प्रदेशमा यस वर्ष १५ हजार नौ सय ६९ घरका ७० हजार प्रभावित हुने आकलन गरिएको बताउँदै तनहुँलाई यस वर्ष पहिराको उच्च जोखिमका रूपमा राखिएको प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष जनार्दन गौतमले जानकारी दिनुभयो। "विभिन्न तथ्याङ्कका आधारमा वैज्ञानिक विधिबाट विश्लेषण गरी निश्चित अवधिमा विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको पूर्वानुमान गरिएको छ। जिल्लामा अरु विपद् भन्दा पहिराबाट बढी जोखिम देखिन्छ", उहाँले भन्नुभयो।

प्रजिअ गौतमका अनुसार सन् २०१० देखि २०२० सम्म गृहमन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कका आधारमा यस वर्षको मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्या करिब १२ लाख ५० हजार रहेको छ। उहाँले भन्नुभयो, "यस वर्षको मनसुन जेठ अन्तिम सातादेखि सुरु भई असोजको दोस्रो सातासम्म रहने जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ। विपद्को क्षति न्यूनीकरणका लागि हामी आजदेखि तयारी अवस्थामा जुटेका छौँ।"

जिल्लाका चार नगरपालिका र छ गाउँपालिका पहिराको उच्च जोखिममा छन्। पहिरापछि बाढी, आगलागी, महामारी, सुक्खा खडेरी, सडक दुर्घटना र चट्याङ तथा हुरीको जोखिम रहेको प्रजिअ गौतमको भनाइ छ। प्रतिकार्य योजनामा उल्लेख भएअनुसार जिल्लाका १० पालिकाका ८५ वडामध्ये ४८ वडा पहिराका जोखिममा रहेका उहाँले जानकारी दिनुभयो।

विपद् व्यवस्थापन समितिले जुनसुकै बेला विपद् आइपर्छ भन्ने तथ्यलाई ध्यानमा राखी विपद् आउनुपूर्व नै आवश्यक स्रोतसाधनको व्यवस्थासहित तयारी अवस्थामा बसेको प्रमुख जिल्ला अधिकारी गौतमको भनाइ छ। उहाँका अनुसार प्रशासन कार्यालयले सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीको संयोजकत्वमा जिल्ला विपद् सहायता कक्ष सञ्चालनमा ल्याइसकेको छ।

समितिमा कालीभञ्जन गण (इ) का सेनानी कुसुम पहाडी, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपककुमार राय, सशस्त्र प्रहरी बल नेपाल नं २३ गण मनकामना भानुका प्रहरी नायब उपरीक्षक प्रकाश पौडेल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका अनुसन्धान अधिकृत रेमण्ड पोखेल, नेपाल रेडक्रस सोसाइटी तनहुँका मन्त्री सूर्यचन्द्र हङ्खले, उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष इमकुमार मल्ललगायत सदस्य रहनुभएको छ।

प्रतिकार्य योजनामा सबै निकायको जिम्मेवारी तोकिएकाले विपद्को बेला सबै निकाय सक्रिय भएर खट्ने प्रजिअ गौतमको भनाइ छ। उहाँले भन्नुभयो, "हरेक वर्ष प्रस्तुत योजनालाई समयानुकूल अद्यावधिक गर्दै लैजानुपर्ने हुँदा साबिक मनसुन, शीतलहर, आगलागी, चट्याङ, महामारी, आँधीलगायत लागि प्रतिकार्य आपत्कालीन कार्य योजना २०८१ तर्जुमा गरिएको छ।"

प्रजिअ गौतमका अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि जोखिमका क्षेत्र र जनशक्तिको क्षमता विश्लेषणका आधारमा आठवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ। यस योजनाअन्तर्गत जोखिमका समयमा खटिने सहयोगी संस्था र प्रतिनिधिको भूमिका तथा जिम्मेवारी स्पष्ट रूपमा पहिचान गरेको उहाँले जानकारी दिनुभयो।

# आइसिसी टि ट्वान्टी विश्वकप : अमेरिकालाई हराउँदै इङ्ल्यान्ड सेमिफाइनलमा

**रासस**
काठमाडौं १० असार

आइसिसी टि ट्वान्टी विश्वकप २०२४ अन्तर्गत अमेरिकालाई हराउँदै इङ्ल्यान्डसेमिफाइनलमा प्रवेश गरेको छ।

ब्रिजटाउन बार्बाडोसमा गए राति सम्पन्न खेलमा इङ्ल्यान्डले अमेरिकालाई १० विकेटले हराउँदै सो प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो टोली बनेको हो।

अमेरिकाले दिएको एक सय १६ रनको लक्ष्य पन्छाउने क्रममा इङ्ल्यान्डले ९ दशमलव ४ ओभरमै कुनै विकेट नगुमाई भेटायो।

इङ्ल्यान्डको जितमा कप्तान जस बटलरले ३८ बलमा ६ चौका र ७ छक्कासहित सर्वाधिक ८३ रनको योगदान दिए। त्यस्तै फिल साल्ट २१ बलमा २५ रनमा अविजित रहे।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको अमेरिका १८ दशमलव ५ ओभरमा एक सय १५ रनमा समेटिएको थियो।

अमेरिकाका लागि नितिश कुमारले सर्वाधिक ३० रन र कोरी एन्डरसनले २९ रन जोडे। त्यस्तै हर्मित सिंहले २१ तथा स्टेभेन टेलरले १२ रन बनाए।

इङ्ल्यान्डका लागि क्रिस जोर्डनले चार विकेट लिए भने स्याम करन र आदिल राशिदले समान दुई दुई तथा लियम लिभिङस्टोनले एक विकेट लिए।

यस जितसँगै इङ्ल्यान्ड अन्तिम सुपर आठको समूह २ मा तीन खेलबाट चार अङ्कका साथ सेमिफाइनलमा पुगेको हो। समान दुई खेलमा दक्षिण अफ्रिका चार र वेस्ट इन्डिजको दुई अङ्क छ। अमेरिका भने अङ्कविहीन हुँदै प्रतियोगिताबाट बहिरिएको छ। सोही समूहमा रहेका दक्षिण अफ्रिका र वेस्ट इन्डिजबीचको अहिले प्रतिस्पर्धा जारी छ।

# मनसुनमा सुनसान मनाङ

**पोखरापत्र संवाददाता**
पोखरा १०, असार

पदयात्राका लागि प्रसिद्ध गन्तव्य मनाङ हिजोआज सुनसान छ। जेठदेखि भदौसम्म पदयात्रा पर्यटनका लागि 'अफसिजन' मानिन्छ। अन्नपूर्णचक्रीयपदमार्गमा पर्ने मनाङमा अहिले फाट्टफुट्ट मात्र विदेशी पर्यटक भित्रने गरेका छन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), इलाका संरक्षण कार्यालय मनाङका कार्यालय प्रमुख ढकबहादुर भुजेलले केही दिनयता मनाङ मनसुन भएको बताउनुभयो। "वर्षात्को याममा मनाङमा आन्तरिक पर्यटक कम आउँछन्", उहाँले भन्नुभयो, "असोजदेखि मङ्सिर र फागुनदेखि वैशाख मुख्य पर्यटकीय याममा यहाँ पर्यटकको सङ्ख्या बाक्लो हुन्छ।"

चामेका पर्यटन व्यवसायी फुर्वा लामाले मनाङवासीको मुख्य आयआर्जनको स्रोत पर्यटन व्यवसाय रहेको बताउनुभयो। "अहिले 'अफसिजन' भएकाले पर्यटकीय गतिविधि कम छ, व्यवसायीहरू फुर्सदिला छन्", उहाँले भन्नुभयो, "जाडो याममा व्यवसायीहरू होटल बन्द गरेर काठमाडौँ, पोखरालगायतका ठाउँमा जाने गर्छन्।" सडक विस्तारले पदमार्ग छोटिँदा अन्नपूर्ण चक्रीय पदमार्गको साख गुम्दै गएको लामाको अनुभव छ।

"पहिले २८ दिनको पदयात्रा अहिले एक हप्तामै छोटिएको छ, यसले गर्दा विदेशी पदयात्रीको आकर्षण घट्दै गएको छ", उहाँले भन्नुभयो, "सडक आएपछि पदमार्गमा पर्ने होटल व्यवसायी विस्थापित भएका छन्।" विकट भूगोल र जोखिमपूर्ण सडकका कारण मनसुनका बेला मनाङमा पर्यटकीय चहलपहल घट्ने गरेको हो। चट्टानी पहराको खोँच र मर्स्याङ्दी नदीको किनारैकिनार मनाङ पुग्ने सडक यात्रा गर्नुपर्छ। यहाँको पदमार्ग पनि उत्तिकै जोखिमपूर्ण छ।

'एक्याप' मनाङका प्रमुख भुजेलले गत वर्ष २१ हजार चार ९५ विदेशी पर्यटकले मनाङ घुमफिर गरेको जानकारी दिनुभयो। बढीजसो युरोपियन मुलुकका पर्यटकको रोजाइमा मनाङ पर्ने गरेको छ। हमास-इजरायल युद्धका कारण इजरायलका पर्यटक पछिल्लो समय कम आएको उहाँको भनाइ छ। आन्तरिक पर्यटकको तथ्याङ्क 'एक्याप'सँग छैन। भारतीय र नेपाली पर्यटक 'बाइक राइडिङ' गरेर पनि मनाङ आइपुग्छन्।

हिमालपारिको जिल्ला मनाङ हुँदै पाँच हजार चार सय मिटरको उचाइमा अवस्थित थोराङ्ला भञ्ज्याङ पार गरेर मुस्ताङको मुक्तिनाथ निस्कने पर्यटक अधिक हुने गरेको 'एक्याप' मनाङका प्रमुख भुजेलले बताउनुभयो। कतिपय पर्यटक लार्के भञ्ज्याङ काटेर गोरखाको मनास्लु क्षेत्र पुग्ने गरेको उहाँको भनाइ छ।

आन्तरिक पर्यटक बढीजसो तिलिचो ताल घुम्न आउने गरेका छन्। डिस्याङ गाउँपालिका-२ मा पर्ने तिलिचो ताल समुन्द्री सतहदेखि चार हजार नौ सय १९ मिटरको उचाइमा अवस्थित छ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले सडकको पहुँच विस्तारसँगै पदयात्रामा आधारित मनाङको पर्यटन सङ्कटमा परिरहेको बताउनुभयो। "यहाँ आउने पदयात्री पर्यटक हुन्, सडकले पदमात्र छोटिएका र भत्किएका छन्, अब वैकल्पिक पदमार्ग बनाउनुपर्छ, सङ्घ र प्रदेश सरकारले यस विषयमा सोचोस्", उहाँले भन्नुभयो।

# जनशक्ति अभाव हुँदा अस्पताल भवन प्रयोगविहीन

**पोखरापत्र संवाददाता**
म्याग्दी १०, असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवामा तीन वर्षअघि निर्माण सम्पन्न भएको अस्पताल भवन जनशक्ति अभाव र आवश्यक उपकरण व्यवस्थापन नहुँदा प्रयोगमा आउन सकेको छैन।

सङ्घीय सरकारको सबै पालिकामा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने नीतिअनुरुप स्थानीयवासीले जग्गादान दिएर समयमै निर्माण भएको उक्त भवन हालसम्म प्रयोगमा नआउँदा अलपत्र बनेको हो।

निर्धारित समयमा भवन सम्पन्न भए पनि अहिले बजेट, जनशक्ति र आवश्यक उपकरण अभाव हुँदा प्रयोगमा आउन नसकेको अन्नपूर्ण-१ दोवाका वडासदस्य गोविन चोचाङ्गीले बताउनुभयो। "तीन वर्षअगाडि सम्पन्न भएको पाँच शय्याको पालिकास्तरीय अस्पतालको भवन अलपत्र परेको छ", उहाँले भन्नुभयो, "जिल्लाका अन्य पालिकामा योजना अलपत्र परेको अवस्थामा दोवामा भवन निर्माण भए पनि उपकरण, चिकित्सकसहित जनशक्ति व्यवस्थापनमा तीनै तहको सरकारको ध्यान नपुग्दा यस्तो अवस्था आएको हो।"

वडासदस्य चोचाङ्गीका अनुसार अस्पतालको बाहिरको भागमा झार तथा बुट्यान पलाएको छ। करिब १२ रोपनी सात आना दुई दाम क्षेत्रफल रहेको अपाङ्गमैत्री संरचनामा निर्मित भवनमा आकस्मिक कक्ष, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डार कोठा, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवाससहित ३५ वटा कोठा रहेका उहाँले जानकारी दिनुभयो।

भवनको तल्लो तलामा विभिन्न उपचार कक्ष राखिने छभने माथिल्लो तलाका केही कोठा चिकित्सक र स्वास्थ्यकर्मीको आवासका रूपमा प्रयोग गरिने जनाइएको छ।

भवन निर्माणका लागि विसं २०७८ वैशाख १७ गते रविना-अमित जेभीसँग रु पाँच करोड १२ लाख ६० हजार छ सय ५२ मा ठेक्का सम्झौता गरेको थियो।

अमरबहादुर गर्बुजाले पाँच रोपनी चार आना, कर्णबहादुर पुर्जाले दुई रोपनी दुई आना, नौप्रसाद पुर्जाले एक रोपनी तीन पैसा, गमबहादुर गर्बुजाले एक रोपनी १० आना, यादवबहादुर गर्बुजाले एक रोपनी आठ आना, घमती पुर्जाले १३ आना र टीकाबहादुर पुर्जाले साढे दुई आना जग्गा निःशुल्क उपलब्ध गराउनुभएको स्थानीयले बताएका छन्।

पाँच शय्या क्षमताको भूकम्प प्रतिरोधी भवन निर्माण भए पनि प्रदेश र सङ्घीय सरकारले आवश्यक स्रोतसहितको जनशक्ति व्यवस्थापन गर्न नसक्दा सञ्चालनमा ल्याउन नसकिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो।

अस्पताल सञ्चालनमा आएपछि दोवावासीलाई उपचारमा सहज हुनेछ। पालिकाभित्रका अन्य वडाका बासिन्दाको सहजतका लागि बेनी-पोखरेबगर सडकखण्डबाट दोवा जोड्ने ग्रामीण सडकमा ढलान, कालोपत्रसहितकोस्तरोउन्नतिआवश्यक देखिएको स्थानीय बताउँछन्।

जिल्लाको मङ्गला, धवलागिरिमा पालिकास्तरीय अस्पताल निर्माणाधीन अवस्थामा रहेका छन् भने रघुगङ्गा गाउँपालिकामा जग्गासहितको प्राविधिक पक्षमा ढिलासुस्तीका कारण अलपत्र परेको छ। स्थानीय तहले ठेकेदारलाई ताकेता गर्दा समेत भवन समयमै सम्पन्न हुन नसकेको जनाएका छन्।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण

योजनाको नाम : अनुपम टोलको इन्द्रेणी मार्ग बाटो निर्माण
ठेगाना : पोखरा-१४, अनुपम टोल
योजना सम्झौता मिति : २०८१/०१/१८
योजना शुरु मिति : २०८१/०१/१८
योजना सम्पन्न हुने मिति : २०८१/०३/१५
योजना सम्पन्न भएको मिति : २०८१/०३/१०
कूल लागत : रु. २०,००,०००
महानगरपालिकाबाट : रु. १५,००,०००
जनसहभागिता : रु. ५,००,०००

**टेक बहादुर पूर्जा पुन**
**अध्यक्ष**
**अनुपम टोलको इन्द्रेणी मार्ग बाटो निर्माण उपभोक्ता समिति**


# विपद् व्यवस्थापनका लागि सशस्त्र प्रहरी देशभर तैनाथ

**रासस**
काठमाडौं, १० असार

यसवर्षको मनसुन प्रतिकार्यका लागि सशस्त्र प्रहरीको टोली स्रोतसाधनसहित देशभर तयारी अवस्थामा छन्। सशस्त्र प्रहरी बल नेपालले सबै कार्यालयमा बाढीपहिरो, डुवान एवं विपद्मा परेका बेला तत्कालै उद्धारका लागि मनसुन प्रतिकार्य टोली तयार पारी परिचालन गरिएको जानकारी दिएको छ।

स्रोतसाधनसहित तैनाथ जनशक्तिले बाढीपहिरो र डुबानका सम्भावित इलाकामा 'हजार्ड म्यापिङ' गरी ती स्थानमा लामो र छोटो गस्ती गर्नुकासाथै देशभरका कार्यालयमा विपद् 'फोकल पर्सन' तोकेको छ। फोकल पर्सनले आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइएको सशस्त्र प्रहरीका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक कुमार न्यौपाने जानकारी दिनुभयो। राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपतकालीन सञ्चालन केन्द्रमा तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारी खटाइएको छ। त्यहाँ खटिएका प्रहरीले आवश्यक समन्वय गर्नुका साथै विपद्मा परेकाको तत्कालै उद्धारका लागि ३९ जिल्लाको ५९ वटा सशस्त्र प्रहरीको कार्यालयमा एक सय २० वटा मोटरबोट तथा ज्याफ्टबोट तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार ९१ गोताखोरलाई आवश्यक उपकरणसहित सात वटै प्रदेशस्थित बाहिनी मुख्यालय तथा सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, उपत्यकास्थित नं २० विपद् उद्धार गण सिनामङ्गल, नं २४ कालिका गण कास्की, सिन्धुलीको खुर्कोट बेसमा तैनाथ गरिएको छ।

# गरिमा विकास बैंक लिमिटेड र नाट्टा गण्डकी प्रदेशबीच सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा १०, असार

गरिमा विकास बैंक लिमिटेड र नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशबीच सम्झौता भएको छ।

नाट्टा गण्डकी प्रदेश अन्तर्गतका व्यवसायीलाई बैंकको विभिन्न प्रकारका कर्जाहरूमा सहुलियत सहितको सेवा उपलब्ध गराउन उक्त सम्झौता गरिएको हो।

सम्झौता पत्रमा बैंकको तर्फबाट गण्डकी प्रदेश कार्यालय प्रमुख भोलाप्रसाद तिवारी र नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारीलेहस्ताक्षरगर्नुभएकोछ।

सम्झौता अनुसार नाट्टा गण्डकी प्रदेश अन्तर्गतका व्यवसायीलाई पाँच वर्षसम्म पाँच लाखसम्मको बैंक ग्यारेन्टी १० प्रतिशतको नगद मार्जिनमा उपलब्ध गराइने नाट्टा गण्डकी प्रदेशका महासचिव संगीता पौडेलले जानकारी दिनुभयो।

यस प्रावधान मार्फत व्यवसायीहरूलाई आफ्नो व्यवसाय सञ्चालनमा सहयोग पुगी त्यसबाट लाभान्वित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

उक्त अवसरमा नाट्टा गण्डकी प्रदेशका पदाधिकारी, गरिमा बैंक लेकसाइड शाखाका प्रमुख सहित बैंकका कर्मचारीको उपस्थिति थियो।

व्यवसायिक हकहितका साथै पोखरा सहित समग्र नेपालको पर्यटन प्रवर्द्धनमा नाट्टा गण्डकी प्रदेशले सकृयताका साथ आफ्ना गतिविधि बढाइरहेको छ।